# त्रिभुवन विश्वविद्यालय

## उपकुलपतिको कार्यालय

## योजना महाशाखा

कीर्तिपुर,
काठमाडौं, नेपाल ।

**प.सं.** २३९ **फा. नं. (      ) यो. म. शा.** ०६७/६८ मिति:- २०६७।५।१४

श्री क्याम्पस प्रमुख
जय बागेश्वरी बहुमुखी क्याम्पस
बेनिघाट, धादिंग ।

**विषयः <u>स्नातक तहमा बी.बी.एस. कार्यक्रम संचालन गर्न स्वीकृति बारे</u> ।**

त्यस क्याम्पस/कलेज/प्रस्तावित क्याम्पस/कलेजले व्यवस्थापन संकाय अन्तर्गत स्नातक तहको बी.बी.एस. कार्यक्रम संचालन गर्नका लागि दिएको निवेदनमा कारवाही हुँदा व्यवस्थापन संकाय अन्तर्गत त्यस क्याम्पसमा विद्यापरिषद्को सिफारिसमा निम्न शर्तहरू पालना गर्ने गरी व्यवस्थापन संकाय अन्तर्गत स्नातक तहको बी.बी.एस. कार्यक्रम चालु शैक्षिक वर्ष २०६७०६८ देखि सञ्चालन गर्न स्वीकृति दिने त्रि.वि. कार्यकारी परिषद्को मिति २०६७४२३ गतेको निर्णयाअनुसार आवश्यक कार्यार्थ अनुरोध गर्दछु।

**<u>शर्तहरुः</u>**

१. क्याम्पस/कलेजमा अध्ययनरत कूल विद्यार्थी संख्याको एक महिनाको शिक्षण शुल्क बराबरको रकम प्रत्येक वर्ष सेवा शुल्कको रूपमा त्रि.वि.लाई बुझाउनु पर्नेछ।
२. क्याम्पस/कलेज र त्रि.वि.को संयुक्त नाममा रू. ६ लाख ५० हजारको अक्षय कोष खोलेको हुनु पर्नेछ र सो रकम त्रि.वि.को स्वीकृति विना संचालन गर्न पाइने छैन तर सो रकमबाट प्राप्त व्याज क्याम्पसको शैक्षिक विकास कार्यको लागि खर्च गर्न पाइनेछ। खोलिएको अक्षय कोषको रसिदको फोटोकपी प्रमाणित गरि पेश गर्नु पर्नेछ।
३. त्रि.वि.को शैक्षिक क्यालेण्डर अनुसार कार्यक्रम संचालन गर्नु पर्नेछ।
४. त्रि.वि.ले निर्णय गरेको शुल्कहरू नियमानुसार नियमित रूपमा बुझाउनु पर्नेछ।
५ प्रत्येक वर्ष नियमित रूपमा भर्ना भएका विद्यार्थीहरूको संख्या, विषय समेत खुल्ने गरी शिक्षकहरूको विवरण र परीक्षा उत्तीर्ण गरेको विद्यार्थीको विवरण त्रि.वि. योजना महाशाखामा पठाउनु पर्नेछ।
६. प्रत्येक वर्ष नियमित रूपमा क्याम्पसको वार्षिक प्रगति विवरण तथा आर्थिक विवरण त्रि.वि.योजना महाशाखा तथा त्रि.वि. अनुगमन समितिको कार्यालयमा पठाउनु पर्नेछ।
७. क्याम्पस/कलेजको संचालन तोकिएको स्थानमा नै गर्नुपर्ने छ र यसको कुनै शाखा खोल्न पाइने छैन।
८. क्याम्पस/कलेजको संचालन नियमावली अनिवार्य रूपले कक्षा संचालन गरेको एक महिनाभित्र त्रि.वि. योजना महाशाखा तथा अनुगमन समितिको कार्यालयमा पेश गर्नु पर्नेछ।
९. त्रि.वि. परीक्षाको लागि आवश्यक भएमा क्याम्पस/कलेजका भौतिक सुविधा प्रयोग गर्न दिनु पर्नेछ।
१०. त्रि.वि. को नियम विनियम पालना गर्नु पर्नेछ।
११. अन्य विश्वविद्यालयसँग सम्वन्धन लिई संचालन गरेको कार्यक्रम यसै आ.व.देखि खारेज गर्नु पर्नेछ।
१२. त्रि.वि.बाट सम्बन्धन पाएको मितिले १ वर्षभित्र कार्यक्रम संचालन नगरेमा स्वीकृत प्राप्त कार्यक्रम स्वतः रद्द हुनेछ।
१३. त्रि.वि.बाट सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरुले प्रयोगात्मक परीक्षा हुने विषय अध्यापन गर्ने भएमा सम्पूर्ण प्रयोगात्मक परीक्षा शुल्क क्याम्पस/कलेजले नै व्यहोर्नु पर्ने छ।
१४. त्यस क्याम्पसका विद्यार्थीहरुको परीक्षा त्रि.वि.ले तोकेको क्याम्पसमा संचालन हुनेछ।

*नोट : तोकिएका शर्तहरू पालना नगरिएमा क्याम्पसलाई प्रदान गरिएको अस्थायी सम्वन्धनको स्वीकृति स्थगन अथवा रद्द गरेमा हामी मन्जूर छौं*

**(प्रा. प्रल्हादराज पन्त)**
प्रमुख

**उपरोक्त शर्तहरू पालना गर्नेछौं**

संचालक समितिको अध्यक्षः- नीरराज कडेल

क्याम्पस प्रमुखः- राजीप्रसाद सिलवाल

[illegible]

<u>बोधार्थ तथा कार्यार्थः-</u>

- श्रीमान् डीनज्यू, व्यवस्थापन संकाय त्रि.वि., कीर्तिपुर।
- श्री परीक्षा नियन्त्रण कार्यालय, त्रि.वि. बल्खु।
- श्री अनुगमन समितिको कार्यालय, त्रि.वि.,कीर्तिपुर।
- श्री आर्थिक प्रशासन महाशाखा, त्रि.वि., कीर्तिपुर।
- श्री सूचना शाखा, त्रि.वि., कीर्तिपुर।